# सहकारी स्वनियमन, सुशासन र राज्यको नीतिगत व्यवस्था

कृष्ण प्रसाद बस्याल
कानून अधिकृत
सहकारी विभाग

# प्रस्तुतिको खाका

- विचारधारात्मक (ideological) व्याख्या
- नेपालमा सहकारीको सैद्धान्तिक तथा संबैधानिक आधार
- अवधारणागत आधारमा  स्वनियमन
- सहकारीमा स्वनियमनको आवश्यकता
- अहिले स्वनियमन किन अझेलमा पर्यो
- सुशासनको अवधारण,सहकारीमा सुशासन,कानूनी व्यवस्था, समस्या र सुधार
- राज्यको नीतिगत भूमिका:संविधान,आर्थिक सर्वेक्षण तथा बजेटमा सहकारी सम्वन्धी व्यवस्था
- वर्तमान चुनौतीहरू
- सुधारका नीतिगत सुझावहरू
- निष्कर्ष

# विचारधारात्मक (ideological) व्याख्या

- मण्डलवादी → समूह आधारित
- समाजवादी → समानता र सेवा आधारित
- संशोधित पुँजिवादी → बजार + सदस्य हित सन्तुलन
- क्षेत्रवादी → क्षेत्र/सेक्टर आधारित विकास
- ☞ व्यवहारमा अहिलेका धेरै सहकारीहरू **संशोधित पुँजिवादी + समाजवादी मिश्रित मोडेललाई बढी प्रथमिकता दिएको देखिन्छ।**

# क्रमशः

- सहकारी समूहवादी अबधारणाः सहकारी उद्धमलाई महत्व दिनेहरु। सहकारीबाट सबै काम सम्भव छ भन्नेहरु
- सहकारी समाजवादी धारणाः मुख्यत बामपन्थी धारणा बोक्ने र राज्य प्रणाली भन्दा फरक नठान्नेहरु
- संशोधित पुँजिवादी धारणाः पूँजीवादी अर्थव्यवस्थाको gap fulfill गर्ने माध्यम ठान्नेहरु। सरकार र निजी क्षेत्र नपुगेको ठाउँमा पुग्ने माध्यम। नाफाको उन्मुलन होईन कि सबैलाई सहभागी गराउने।
- सहकारी क्षेत्रवादी धारणाः अरु क्षेत्रलाई यथोचित  स्थान दिएर आफ्ना काम कारवाही प्रभावकारी बनाउँदै आफ्नै राष्टिय अर्थतन्त्र बनाउने माध्यम । छुट्टै आर्थिक सामाजिक र साँस्कृतिक प्रणाली समेटिएको क्षेत्र।

# नेपालमा सहकारीको सैद्धान्तिक तथा संबैधानिक आधार

- नेपालमा सहकारी अवधारणामा कुनै एक मात्र शुद्ध दार्शनिक मोडल नभई **मिश्रित (Hybrid) अवधारणा** अवलम्बन गरिएको छ। व्यवहारमा यसलाई यसरी बुझिन्छ:
- **१. अन्तर्राष्ट्रिय सहकारी सिद्धान्तमा आधारित**
  नेपालको सहकारी प्रणाली **International Cooperative Alliance (ICA)** का ७ सिद्धान्तहरू (स्वैच्छिक सदस्यता, लोकतान्त्रिक नियन्त्रण, सदस्य आर्थिक सहभागिता, स्वायत्तता, शिक्षा, सहकार्य, समुदायप्रति उत्तरदायित्व) मा आधारित छ।

# २. मिश्रित अर्थतन्त्रको सन्दर्भमा

- नेपालको संविधान र नीतिगत व्यवस्थाले सहकारीलाई **तीन खम्बे अर्थतन्त्र** (**राज्य, निजी, सहकारी**) मध्ये एक खम्बाको रूपमा स्वीकार गरेको छ। त्यसैले यहाँ:
- पूर्ण समाजवादी मोडल मात्र होइन
- पूर्ण पुँजीवादी मोडल पनि होइन
- **मिश्रित अर्थतन्त्रभित्र सहकारी क्षेत्रको सन्तुलित भूमिका** रहेको छ।

## ▶३. अबको नयाँ गन्तव्य कता तय हुन्छ। सहकारी अभियान पनि त्यतै डोरिन्छ।

# अवधारणागत आधारमा  स्वनियमन

सहकारीको दार्शनिक आधारलाई सामान्यतः **मुख्य ३ वटा पक्षको संयोजनको रुपमा** बुझिन्छः

# आर्थिक अवधारणा (Economic Concept)

- सदस्यको आर्थिक हित वृद्धि गर्ने
- बचत, ऋण, उत्पादन र वितरणमार्फत आय वृद्धि
- साना पूँजीलाई एकीकृत गरी ठूलो आर्थिक शक्ति बनाउने

**स्वनियमन अवस्था:**

- आर्थिक अनुशासन (financial discipline) बलियो हुनुपर्छ
- आन्तरिक लेखा, जोखिम व्यवस्थापन र कोष परिचालनमा कडाइ
- यदि स्वनियमन कमजोर भयो भने वित्तीय विकृति (जस्तै: अनियमित ऋण, कृत्रिम नाफा) देखिन्छ

# सामाजिक अवधारणा (Social Concept)

- समानता, सहयोग, आपसी विश्वास
- कमजोर वर्गको सशक्तीकरण
- सामुदायिक विकास र सामाजिक न्याय

**स्वनियमन अवस्था:**

- सदस्यको सक्रिय सहभागिता आवश्यक
- सामाजिक उत्तरदायित्व (social accountability) बलियो हुनुपर्छ
- स्वनियमन राम्रो भए सहकारी "समुदाय केन्द्रित" हुन्छ, नत्र "साहुकारमुखी" बन्छ

# नैतिक अवधारणा (Moral / Ideal Concept)

- इमान्दारिता, पारदर्शिता, लोकतान्त्रिक अभ्यास
- “एक सदस्य, एक मत” सिद्धान्त
- सेवा भावना (Service over Profit)

**स्वनियमन अवस्था:**

- नेतृत्वको नैतिकता अत्यन्त महत्वपूर्ण
- आचारसंहिता पालना
- स्वनियमन कमजोर भए भ्रष्टाचार, दुरुपयोग र विश्वास संकट उत्पन्न हुन्छ

# समग्रमा:

- सहकारीको दार्शनिक आधार **आर्थिक** + **सामाजिक** + **नैतिक** तीनै पक्षको समन्वय हो
- यी तीनै पक्षमा **स्वनियमन** (Self-Regulation) मजबुत भयो भने:
  - सहकारी दिगो हुन्छ
  - सदस्यको विश्वास बढ्छ
  - विकृति न्यून हुन्छ

तर स्वनियमन कमजोर भए:

- सहकारी "सहकार्य" बाट "साहुकारी" मा रूपान्तरण हुन्छ। गाउँको सामन्त शहरमा बसाँई सरेजस्तो हुन्छ। निजी क्षेत्रको बिचौलिया र माफिया सहकारीमा प्रवेश गरे जस्तो हुन्छ।

# सहकारीमा स्वनियमनको आवश्यकता

- सहकारीको मूल दर्शन नै "सदस्यद्वारा, सदस्यका लागि" भन्ने हो। यस अवधारणालाई व्यवहारमा उतार्नका लागि स्वनियमन (Self-Regulation) अत्यन्त महत्वपूर्ण हुन्छ।
- सहकारीको चौथो सिद्धान्त स्वयत्तता र स्वतन्त्रता
- स्वनियमनका प्रमुख पक्षहरू:आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण
- पारदर्शी लेखा प्रणाली
- सञ्चालक समितिको उत्तरदायित्व
- सदस्य सहभागिता र निगरानी
- यदि सहकारी संस्थाहरूले आफैंलाई नियमन गर्न सके भने बाह्य हस्तक्षेपको आवश्यकता न्यून हुन्छ र संस्थाको आत्मअनुशासन बलियो बन्छ।

# सहकारी ऐन २०७४ मा स्वनियमन

- सहकारी संस्थालाई **स्वायत्त, सदस्य-नियन्त्रित र जिम्मेवार संस्था** मानेको छ। स्वनियमन सम्बन्धी मुख्य कुरा:
- सहकारी संस्था आफैंले **आन्तरिक नियन्त्रण प्रणाली** विकास गर्नुपर्ने
- **साधारणसभा, सञ्चालक समिति र लेखा समिति** मार्फत संस्थाको निगरानी
- सदस्यहरूलाई **सूचना, पारदर्शिता र उत्तरदायित्व** सुनिश्चित गर्नुपर्ने
- सहकारीको सिद्धान्त अनुसार **लोकतान्त्रिक नियन्त्रण** (one member one vote) लागू गर्ने
- वित्तीय अनुशासन कायम राख्न **लेखा परीक्षण** (Audit) अनिवार्य
- यसको अर्थ: सरकारको प्रत्यक्ष हस्तक्षेप भन्दा पहिले संस्था आफैंले आफूलाई सुधार गर्ने प्रणाली

# २. सहकारी नियमावली २०७५ मा स्वनियमन

- ऐनमा भएका प्रावधानलाई कार्यान्वयन गर्ने क्रममा स्वनियमनलाई अझ स्पष्ट बनाएको छः
- प्रत्येक सहकारीले **आन्तरिक कार्यविधि** (By-laws) तयार गरी पालना गर्नुपर्ने
- **जोखिम व्यवस्थापन प्रणाली** लागू गर्नुपर्ने
- नियमित रूपमा **वित्तीय प्रतिवेदन, विवरण अद्यावधिक** राख्ने
- PEARLS, MCI **जस्ता सूचकहरू** प्रयोग गरी कार्यसम्पादन मूल्याङ्कन गर्न प्रोत्साहन
- सहकारी संघ/महासंघ मार्फत **स्वनियमन र सह-नियमन** (co-regulation) को व्यवस्था

# अहिले स्वनियमन किन अझेलमा पर्यो

- सहकारीका समस्या सडक सदन हुँदै  सरकारसम्म पुग्यो।
- सदस्यको समस्या समाधान हुँदै जानु पर्नेमा समस्या थपिँदै गयो।
- सहकारी संघ संस्था र संचालनका भवन वने सदस्यका भएका घरपनि भत्किने अबस्था आयो।
- सहकारीका राम्रा काम आझेलमा परे नराम्रा कामको प्रचार गरियो।
- परिस्थितिले कडा नियमन माग गर्यो।

# सुशासनको अवधारण

- सन् १९८९ मा विश्व वैंकले अफ्रिकाको सहारा मरुभूमि आसपासका राज्यमा गरेको लगानीको प्रभावकारीता मूल्याङ्कन गर्ने सिलसिलामा गरेको अध्ययनको प्रतिवेदन The Crisis of the Governance वाट सुशासन शव्दले राज्य प्रणालीमा भित्रिने अवसर पाएको ।
- सन् १९९२ मा विश्व वैंकले प्रकाशित गरेको प्रतिवेदन "Governance and Development" मा थप प्रकाश पारिएको ।
- According to the document, good governance is an essential complement to sound economic policies and is central to creating and sustaining an environment which fosters strong and equitable development.

# सहकारीमा सुशासन

- सुशासन (Good Governance) सहकारी संस्थाको मेरुदण्ड हो। सुशासन बिना सहकारी संस्थाको दीर्घकालीन अस्तित्व सम्भव हुँदैन।
- सुशासनका प्रमुख तत्वहरू:
- पारदर्शिता (Transparency)
- उत्तरदायित्व (Accountability)
- सहभागिता (Participation)
- विधिको शासन (Rule of Law)
- हाल धेरै सहकारी संस्थाहरूमा देखिएको समस्या—कृत्रिम नाफा देखाउने, अनियमित ऋण लगानी, आन्तरिक नियन्त्रण कमजोर हुनु—यी सबै सुशासन अभावका परिणाम हुन्।

# सहकारीमा सुशासनको व्यवस्था

- **लोकतान्त्रिक शासन (Democratic Governance):**
- प्रत्येक सदस्यलाई **एक सदस्य एक मत** (One Member One Vote) अधिकार
- **साधारणसभा सर्वोच्च निकाय**
- सञ्चालक समिति सदस्यबाट निर्वाचित हुन्छ
- ☞ यसले शक्ति केन्द्रीकरण हुन नदिई सदस्य नियन्त्रण सुनिश्चित गर्छ

**पारदर्शिता (Transparency):**

- सहकारीले नियमित रूपमा:
  - **वित्तीय विवरण सार्वजनिक गर्ने**
  - सदस्यलाई जानकारी उपलब्ध गराउने
- निर्णय प्रक्रिया खुला र स्पष्ट हुनुपर्ने

# क्रमशः

**उत्तरदायित्व (Accountability):**

- सञ्चालक समिति, व्यवस्थापक र कर्मचारीहरू:
  - आफ्नो कामप्रति **जिम्मेवार (accountable)** हुनुपर्ने
- गलत कार्य भएमा **कारबाहीको व्यवस्था** (दण्ड/जरिवाना/हटाउने)

# क्रमश:

- **आन्तरिक नियन्त्रण र लेखा परीक्षण:**
- **लेखा सुपरिवेक्षण समिति** अनिवार्य
- हरेक वर्ष **बाह्य लेखापरीक्षण** (Audit) गर्नुपर्ने
- आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउनुपर्ने

# क्रमशः

**नैतिकता र आचरण (Ethics & Conduct):**

- सञ्चालक र कर्मचारीले:
  - **हितको द्वन्द्व** (Conflict of Interest) बाट टाढा रहनुपर्ने
  - सहकारीको सम्पत्ति दुरुपयोग गर्न नपाइने
- आचारसंहिता पालना अनिवार्य
- कार्यान्वयन अधिकारीको स्वार्थ बाझिने अवस्थामा बैकल्पिक रिपोटिङ्

# क्रमशः

- **नियमन र अनुगमनसँग सम्बन्धः**
- सहकारीले पहिला **स्वनियमन (Self-Regulation)** अपनाउने
- त्यसपछि मात्र राज्यको नियमन (सरकारी हस्तक्षेप)
- विवरण बुझाउने, प्रतिवेदन दिने दायित्व

# क्रमशः

- **सदस्य हित संरक्षणः**
- सदस्यको बचत, लगानी र अधिकारको **सुरक्षा**
- ठगी वा अनियमितता भएमा उजुरी र समाधानको व्यवस्था।

# क्रमशः

- **जोखिम व्यवस्थापन र वित्तीय अनुशासनः**
- ऋण लगानी, बचत परिचालनमाः
- जोखिम मूल्याङ्कन गर्नुपर्ने
- खराब कर्जा नियन्त्रण, तरलता व्यवस्थापन अनिवार्य

# समग्रमा सहकारीमा सुशासनः

- सदस्यलाई केन्द्रविन्दुमा राखी संस्था सञ्चालन गर्नु
- सुशासनका आधारभूत तत्वहरु सहकारी संस्थामा प्रत्याभूत गर्नु
- सदस्यले मेरो आवज सुनिन्छ र सम्वोधन गरिन्छ भन्ने कुरामा विश्वास गर्न सकेको अवस्था
- सर्वाधिकार सम्पन्न साधरण सभा
- लेखापरिक्षण प्रतिवेदन र वार्षिक कार्यक्रम साधारण सभाबाट पारित गर्नुपर्ने व्यवस्था
- Watch dog को रुपमा लेखा समिति
- आवाधिक निर्वाचन
- एक व्यक्ति एक मत
- गणपुरक संख्याको निर्धारण

# सहकारी ऐनमा सुशासन सम्वन्धी व्यवस्था

- संस्था दर्ताको लागि आवश्यक प्रक्रिया र निवेदन साथ प्रस्तावित विनियम, संस्था संचालनको संभाव्यता अध्ययन प्रतिवेदन र सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण ( दफा १४),
- सदस्यहरु वीच साझा वन्धन, सदस्यहरुको नियन्त्रण र पहुँच कायम हुने गरी कार्यक्षेत्र निर्धारण हुनुपर्ने (दफा १८),
- कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक सम्वृद्धि हासिल गर्नु सहकारीको मुख्य उद्देश्य हुने (दफा २४),
- आफ्नो विनियम अनुसार आवश्यक कार्यविधि बनाई सहकारीको सञ्चालन गर्नु पर्ने (दफा २७ र २८),
- साधारण सभा, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिको गठन, काम कर्तव्य र अधिकार ( विभिन्न दफाहरु ३६ देखि ४९),

# क्रमशः

- सन्दर्भ व्याजदर तोकि संस्थाले दिने सेवामा एकरुपता कायम गरी सुशासन कायम गर्ने (दफा ५१),
- सहकारीले साधारण सभा, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिको बैंठकका निर्णय र गरेका काम कारवाहिको अभिलेख राख्नुपर्छ (दफा ७२)
- रजिष्ट्रार वा अधिकार प्राप्त अधिकारी समक्ष विभिन्न विवरण उपलब्ध गराउनु पर्ने (दफा ७३),
- कारोवारको यथार्थ स्थिति स्पष्ट देखिने गरी अभिलेख राख्नु पर्ने र लेखा परिक्षण गराउनु पर्ने (दफा ७४ र ७५)
- सम्बन्धित मन्त्रालय तथा रजिष्ट्रारबाट निरीक्षण, जाँचका साथै छानवीन गर्न सक्ने (दफा ९५) आदि ।

# सुशासनमा रहेका कमि

- अघिल्लो वर्षको हर हिसाव र आगामी कार्यक्रमको अनुमोदन नाममात्रको
- व्यापक कार्यक्षेत्र: स्थानीयता र विकेन्द्रीकरण छैन
- प्रचलित कानून र विनियमको कमजोर पालना
- आन्तरिक नियन्त्रण प्रणाली कमजोर
- मुनाफामात्र बढि खोज्ने प्रवृतिले आर्थिक अनुशासन कमजोर
- कर्मचारीहरुको जिम्मामा संस्था
- साधरण सभा लगायतका मञ्चहरुमा सदस्यको सहभागिता कमजोर

# संविधानमा सहकारी

- प्रस्तावनमाः संघीय लोकतान्त्रिक गणतन्त्रको माध्यमबाट दिगो शान्ती, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने,

- भाग ४- धारा ५१घ मा राज्यका नीति अन्तर्गतः

- सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत राष्ट्रिय अर्थतन्त्रलाइ सुदृढ गर्ने,
- सहकारी क्षेत्रलाइ प्रवद्धन गर्दै राज्यको विकासमा अधिकतम परिचालन गर्ने,
- समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको उद्देश्य हुने ।

# अधिकार सूचिमा सहकारी

- अनुसूची ५ सघको अधिकार सूची : २८ सहकारी नियमन
- अनुसुची ६ प्रदेशको अधिकार सूची सहकारी संस्था
- अनुसूची ८ स्थानीय तहको अधिकार सूची सहकारी संस्था
- अनुसूची ७ सङ्घ र प्रदेशको साझाअधिकार सूची ७ सहकारी
- अनुसूची ९ सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूची १ सहकारी

# आ.व. २०८२/८३ को आर्थिक सर्वेक्षणमा सहकारी

- सहकारी नीतिको पुनरावलोकन गरी नयाँ राष्ट्रिय नीति जारी गरिनेछ।राष्ट्रिय सहकारी नियमन प्राधिकरण मार्फत सहकारी क्षेत्रका समस्याहरु समाधान गरिनेछ।समस्याग्रस्त सहकारीका साना बचत कर्तालाई तत्काल राहत उपलब्ध गराउन सहकारी नियमन प्राधिकरण मार्फत कोष स्थापन गरिनेछ।सहकारी ऋण सुचना, बचत तथा सुरक्षण तथा ऋण असुली न्याधिकरण स्थापना गरिनेछ।सहकारी तथ्यांक व्यवस्थापनलाई प्रभावकारी वनाउन विध्धुतीय सूचना प्रणालीको मापदण्ड कायम गर्दै सहकारी तथा गरिबी सम्वन्धी व्यवस्थापन सूचना प्रणालीको स्तरउन्नती गरिनेछ ।

# आव २०८२/८३ को बजेटमा सहकारी

६०. सहकारी संस्थाहरूको वर्गीकरण, एकीकरण र संरचनागत सुधार गरिनेछ। राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट बचत तथा ऋण सहकारी संस्थाहरूको प्रभावकारी नियमन गरिनेछ।

६१. सहकारी संस्थामा रहेको पाँच लाखसम्मको बचत रकमको निक्षेप तथा कर्जा सुरक्षण कोष मार्फत निक्षेप सुरक्षण गरिनेछ। सहकारीको रकम अपचलन गर्नेको सम्पत्ति लिलाम बिक्री गरी प्राप्त हुने रकम बचतकर्तालाई फिर्ता गर्न चक्रीय कोष स्थापनाका लागि बीउ पुँजीको व्यवस्था गरेको छु। सहकारी ऋण असुली न्यायाधिकरण स्थापना गरिनेछ। समस्याग्रस्त सहकारीका सञ्चालक, पदाधिकारी र कर्जा अपचलनकर्ताको सम्पत्ति एवम् राहदानी रोक्का गरिनेछ।

# राज्यको नीतिगत भूमिका

- सहकारी क्षेत्रको सुदृढीकरणमा राज्यको भूमिका मार्गदर्शक र नियामकको रूपमा रहनु पर्दछ।
- दीर्घकालीन सोच र सुस्पष्ट नीतिगत मार्गदर्शन आवश्यक पर्दछ। अहिले नीतिगत Departure को समय आएको छ। लिईने नीतिका आधारमा संरचनागत व्यवस्था गरिनुपर्दछ।
- **राज्यले ध्यान दिनुपर्ने प्रमुख नीतिगत पक्षहरू:**
  - एकीकृत र स्पष्ट नियामक संरचना स्थापना
  - जोखिममा आधारित अनुगमन प्रणाली
  - सहकारीको वर्गीकरण र मापदण्ड निर्धारण
  - साना बचतकर्ताको संरक्षण
  - प्रविधिमैत्री नियमन प्रणाली (Digital Supervision)
- **अत्यधिक नियन्त्रणभन्दा पनि सन्तुलित नियमन (Balanced Regulation) आवश्यक छ, जसले सहकारीको स्वतन्त्रता र उत्तरदायित्व दुवैलाई सुनिश्चित गर्दछ।**
- **लोकतान्त्रिक, पारदर्शी, उत्तरदायी, अनुशासित र नैतिक ढंगले सहकारी सञ्चालन मुख्य ध्येय  हुनु पर्दछ।**

# वर्तमान चुनौतीहरू

- सहकारीमा बाह्य निक्षेपमा निर्भरता
- स्वनियमनको अभाव
- कमजोर संस्थागत पूँजी
- शिक्षा र क्षमता अभाव
- बहु-नियामक संरचनाबाट उत्पन्न अन्योल

# सुधारका नीतिगत सुझावहरू

- १. स्वनियमन प्रणाली अनिवार्य बनाउने।
  २. सुशासन सूचकांक (Governance Index) लागू गर्ने।
  ३. कोष व्यवस्थापनलाई अनिवार्य रूपमा कडाइका साथ लागू गर्ने। ४. सदस्य शिक्षा र क्षमता विकास कार्यक्रम विस्तार गर्ने।
  ५. प्रविधिमा आधारित अनुगमन प्रणाली विकास गर्ने।
  ६. एकल वा समन्वित नियामक निकायको व्यवस्था गर्ने।

# निश्कर्ष

- सहकारी क्षेत्रलाई दिगो, पारदर्शी र विश्वासयोग्य बनाउन स्वनियमन, सुशासन र राज्यको स्पष्ट नीतिगत व्यवस्थाबीच सन्तुलन कायम गर्नु अपरिहार्य छ।
- नाफामुखी संस्थाबाट सदस्य केन्द्रित सामाजिक-आर्थिक अभियानमा रूपान्तरण गर्न सकिए मात्र यसको वास्तविक उद्देश्य पूरा हुनेछ।
- नेपाल सरकारबाट स्पष्ट नीति, प्रभावकारी कार्यान्वयन र सहकारीकर्मीहरूको जिम्मेवार भूमिका आवश्यक देखिन्छ।

# क्रमशः

